महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
सिरिजङ्गा गाउँपालिका
ताप्लेजुङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

टंकमणि शर्मा, दंगाल

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगाउँ, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नम्बर १

पत्र संख्या: २०७८।७९
च.नं. ४९९ मिति: २०७९।३।२४

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
सिरिजङ्गा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
ताप्लेजुङ ।

कैफियतसहितको राय

हामीले सिरिजङ्गा गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाँउपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग नगरी वित्तीय विवरण तयार गरेको छ।
२. लेखापरीक्षणबाट रु ३१ लाख २६ हजार बेरुजु देखिएको छ।सोमध्ये प्राप्त प्रतिक्रियावाट रु ३१ लाख २६ हजार फछ्र्यौट भएको छ । गाउँपालिकाको गत वर्ष ६७ लाख ९८ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु ६७ लाख ९० हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

सिरिजङ्गा गाउँपालिका

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
५३	३	३१२६	०	३	३१२६	५३	०	०	०	०	०	०	०	०	०

अद्यावधिक बेरुजु स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सिरिजङ्गा गाउँपालिका ताप्लेजुङ	७१७९	०	३८१	६७९८	०	०	६७९८

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : सिरीजङ्गा गाउँपालिका, ताप्लेजुङ , सिरीजङगा गाउँपालिका , ताप्लेजुङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	श्री सन्तोष घिमिरे	२०७७-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	श्री भुपेन्द्र बुडाक्षेत्री	२०७७-४-१	
		बेरुजु रकम	०

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४,४८,०६,००६.५२	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३७,८२,२८,८९०	**चालु खर्च**	३४,४१,४०,९१०
प्रदेश सरकारबाट अनुदान	१,७१,३२,०००	**पूँजीगत खर्च**	१६,८५,३७,९९१
राजश्व बाँडफाँट	६,४८,३५,१५८.२८	**वित्तीय/अन्य व्यवस्था**	२,८१,४५,२७९.७४
आन्तरिक आय	४९,८८,५०९.२८		
अन्य आय	९,१९,९७,२०६.९१		
कुल आय	५५,७१,८१,७६४.४७	**कुल खर्च**	५४,०८,२४,१८०.७४
बाँकी मौज्दात		६,०९,३२,०६२.६१	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय
स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउपालिकाको उद्देश्य रहेको छ । यस गाउपालिका अन्तर्गत ८ वडा, ४३ सभा सदस्य, ४८१ वर्ग किलोमिटर क्षेत्रफल तथा १५८०६ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षणको परिचय
लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८।६।३ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरिक्षणको क्रममा असुली
लेखापरीक्षणको क्रममा असुली भइ भौचर प्राप्त भएको छ । रु ३५६३६१।
<table>
<tr><th>सि न</th><th>व्यहोरा</th><th>असुली रकम</th></tr>
<tr><td>१</td><td>टिडीएस र वढि भुक्तानी</td><td>१५०९४०।</td></tr>
<tr><td>२</td><td>शिक्षकको वढि तलव निकासा</td><td>१३८११६</td></tr>
<tr><td>३</td><td>पारीश्रमिक कर</td><td>६७३०५।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३५६३६१।</td></tr>
</table></td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>स्थानिय संचितकोष
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७७।७८ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय										बेरुजु रकम
				सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ				
					विवरण	रकम	रकम		विवरण	रकम	रकम		
				१	**गत वर्षको जिम्मेवारी**		४४८०६००६।५२	१	**चालु खर्च**		३४४१४०९१०।		
					क) नगद			२	**पूँजीगत खर्च**		१६८५३७९९१।		
					ख) बैंक			३	**वित्तिय व्यवस्था भुक्तानी**				
				२	**राजस्व (आन्तरिक आय)**		६९८२३६६७।५६		क) ऋण भुक्तानी				
					क) आन्तरिक राजस्व		४९८८५०९।२८		ख) ब्याज भुक्तानी				
					ख) राजस्व बाँडफाँड केन्द्र		६४८३५१५८।२८		ग) अन्य भुक्तानी				
					ग) राजश्व वाडफाड प्रदेश			४	**लगानी**				
				३	**वित्तिय हस्तान्तरण संघ**		३७८२२८८९०।		ऋण लगानी				
					क) वित्तिय समानीकरण अनुदान		१११७००००।		शेयर लगानी				
					ख) सशर्त अनुदान		२६६५२८८९०।		अन्य लगानी				
					ग) समपूरक अनुदान			५	धरौटी फिर्ता		२३१५२७।		
					घ) विशेष अनुदान			६	कोष फिर्ता		२८१४५२७९।७४		
				४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		१७१३२०००।	७	**बैंक मौज्दात**		६०९३२०६२।६१		
					क) वित्तिय समानीकरण अनुदान		७०३२०००।	८	मुल संचित कोष		५०७०३६७२।२		
					ख) सशर्त अनुदान		१०००००।	९	धरौटी मौज्दात		५०८०२९३।७९		
					ग) समपुरक अनुदान		१००००००० ।	१०	प्रकोप व्यवस्थापन कोष		११८१८७३।७८		
				५	गरिवसंग विशेश्वर		५२००००।	११	कर्मचारी कल्याण कोष		२४७००००।		
				६	सामाजिक सुरक्षा		३८०४३७५२।	१२	मर्मत सम्भार कोष		१२९६२२२।८२		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय										बेरुजु रकम
				७	एकीकृत स्वास्थ्य पुर्वाधार		८५०००००।	१३	विविध कोष		२०००००।		
				८	प्रकोप व्यवस्थापन कोष		५९९४९०२।						
				९	स्थानिय पुर्वाधार विकस समझेदारी कार्यक्रम		५००००००।						
				१०	स्थानीय तह प्रशासनिक भवन पुर्वाधार		२३५०००००।						
				११	मर्मत सम्भार कोष		७१९२३७६।६८						
				१२	धरौटी आय		२९४६१७६।२३						
				१३	कल्याण कोष		१०००००।						
				१४	विविध कोष		२०००००।						
					जम्मा		६०१९८७७०।९९		**जम्मा**		६०१९८७७०।९९		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५			**वित्तीय विवरण विश्लेषण : वित्तीय विवरण** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँनगरपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँनगरपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छ . • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
६			**आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन • गाउपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • गाउपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • गाउपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी गाउपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २053 को नियम 6 क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको छैन । • कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै गाउपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको छ । • वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । तसर्थ गाउपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
७			**आर्थिक कारोबार** यस गाउँपालिकाको यस वर्ष रु ६०१९८७७७०।९९ आय भएकोमा २०७८ साल असार मसान्त सम्म रु ५४१०५५७०८।३८ खर्च भइ रु ६०९३२०६२।६१ मौज्दात रहेको छ ।	
८			**बजेट तथा कार्यक्रम : बजेट पेश, पारित र अख्तियारी** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्य गाउपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्रीमती ज्ञानमाया चौहानले मिति २०७७।३।९ मा ४३ करोड ६५ लाखको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३।९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई २०७७।३।१६ मा बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९			**चौमासिक खर्च** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम २८ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।	

क्र.स.स	बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च (रु. हजारमा)			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
१	चालुगत खर्च	३४४१४१	८०८५४	९६९९८	१६६२८९	५९३९९
२	पूँजिगत खर्च	१६८५१७	५७६३	१४४८५	१४८२६९	४५६५५
	जम्मा	५१२६५८	८६६१७	१११४८३	३१४५५८	१०५०५४
	प्रतिशत	८९।८४	१६।९०	२१।७४	६१।३६	२०।५०

गाउपालिकाले उपलब्ध गराएको विवरणअनुसार रु. ५१२६५८।हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. ८६६१७ अर्थात १६.९० प्रतिशत, दोश्रो चौमासिकमा रु. १११४८३. हजार अर्थात २१.७४ प्रतिशत र तेश्रो चौमासिकमा रु. ३१४५५८ अर्थात ६१.५८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै तेस्रो चौमासीकमा ६१.५८ खर्च देखिनुले खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०		२०७९-२-३१	**क्षेत्रगत बजेट र खर्चको स्थिति** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । रु हजार	

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	३३८५२।	२६१०५।	५-०९
२	पूर्वाधार विकास	१३६१६९।	१०७७८८	२१.०२
३	सामाजिक क्षेत्र	३३०३१९।	२८५०२४।	५५=०६
४	वातारण तथा विकास	१३०००।	१३०००।	२.२
५	संस्थागत विकास सेवा प्रवाह र सुशासन	७५००।	७२२३।	१=४१
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	८११४७।	७५२३८।	१४.६८
जम्मा		६०१९८८।	५१२६७९।	१००

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी ५५.०६ प्रतिशत सामाजिक विकासमा र घटी २.२ प्रतिशत वातावरण तथा विकासमा रहेको छ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११			**लक्ष्य प्रगति** कार्यालयको चौमासिक वार्षिक स्तरका प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका संचालित योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन।पालिकाले यस वर्ष १५७ वटा कार्यक्रम संचालन गरेकोमा सवै योजनाहरुको प्रगती ७५ प्रतिशत भन्दा वढी रहेको विवरण प्राप्त भएको छ । पालिकाले संचालन गरेका योजनाहरुको तोकेको ढाँचामा बार्षिक प्रगति तयार गर्नुपर्दछ ।	
१२			**संगठन तथा कर्मचारी ब्यवस्थापन : कर्मचारी करार** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । गाउँपालिकाले मिति २०७६ फागुनमा सम्पन्न गाउँ सभा अधिवेशनबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन पारित गरी सोही बमोजिम कम्प्युटर अपरेटर, हलुका सवारी चालक, कार्यालय सहयोगी जस्ता पदहरुमात्र करार सेवामा व्यवस्थापन गरेको छ भने करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७४ बमोजिम इञ्जिनियर, कृषि अधिकृत, सब इञ्जिनियर जस्ता रिक्त प्राविधिक पदमा समेत कर्मचारीको व्यवस्थापन गरेको छ।तर गाउँपालिकाले विभिन्न पदमा ६३ कर्मचारीहरु करारमा राखि रु २२८७७९८०। खर्च लेखेको छ ।	
१३			**कल्याण कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष राजश्व बाँडफाडबाट कर्मचारी कल्याण कोषमा रु १०००००० ।ट्रन्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्वन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन ।यसरी कानुनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिदैन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४			**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँपालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	
१५			**वडा सचिवको पदपूर्ति** गाउँपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।	

वडा संख्या	वड सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव
८	८	२	६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६			**सेवाप्रवाहको स्थिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली कार्यविधि १ वटा र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।साथै पालिकाले ७ वटा कानुन निर्माण गरी सभाबाट स्विकृत गरेतापनि उक्त कानुनहरु राजपत्रमा प्रकाशन गरेको छैन ।यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : विवरण: जम्मा पञ्जिकरणतर्फ: ५१० जन्मदर्ता: १२७ मृत्युदर्ता: १३५ बसाईसराई दर्ता: ८१ विवाह दर्ता: ३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।	

विवरण	जम्मा
पञ्जिकरणतर्फ	५१०
जन्मदर्ता	१२७
मृत्युदर्ता	१३५
बसाईसराई दर्ता	८१
विवाह दर्ता	३

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१७</td><td></td><td></td><td>
योजना छनौट र कार्यान्वयन
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७÷७८ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको योजनामा न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr>
<tr><td>१</td><td>५</td><td>५१</td><td>१९</td><td>२१</td><td>९७</td></tr>
</table>
उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष रु.१ लाख देखि ५० लाख भन्दा वढी सम्मका जम्मा ९७ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र ५७ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>
स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि कर दर्तासंग खरिद नगरेको
सार्वजनिक खरिद नियमावली २०६४ नियम १९मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यलयबाट स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि कर दर्ता प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । उपनियम २ मा बिस हजार रुपैया भन्दा कम रकमको खरिद गर्दा मुल्य अभिवृद्धि कर दर्ता प्राप्त नगरेका संग समेत खरिद गर्न सकिने उल्लेख भएकोमा पालिकाले आवश्यक मालसामान खरिद गर्दा, विभिन्न मितिमा संचालन गरेका तालिम, गोष्ठी, अनुदानमा खरिद गर्दा नियमावलीको व्यवस्था अनुसार दर्ता गरेका संग खरिद नगरी हस्त लिखित भरपाइ पेश गरी खर्च लेखेकोले कानुनको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>
कानून निर्माण एवं कार्यान्वयन : न्यायीक समिति
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष ११ वटा दर्ता भएकोमा ११ वटा फछ्र्यौट भएको छ ।
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२०			**आर्थिक सहायता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । गाउँपालिकाले नागरिक उपचार साहायता कोष परीचालन ऐन बमोजिम उपचार साहायतामा यस वर्ष रु १४७४०००।आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
२१			**विविध खर्च** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७१ वमोजिमको वजेट अनुमानमा आन्तिरक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर आन्तिरक आय न्युन भएकोमा पालिकाले यस वर्ष विविध तर्फ रु २२३५२२०। खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।	
२२			**पदाधिकारी सुविधा** प्रदेश न १ को गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५, को दफा ३ मा स्थानीय पदाधीकारी , सदस्य र सभाका सदस्यहरुले अनुसुचि १ मा उल्लेख भए बमोजिमको सुविधालाइ अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरे बमोजिमको सुविधा पाउने उल्लेख छ । जस अनुसार पालिकाले स्थानीय पदाधिकारी तथा सदस्यहरुलाइ अनुसुची १ मा उल्लेख भए बमोजिम यस वर्ष रु ५५७८०००।खर्च लेखेको छ ।	
२३			**अनुदान फिर्ता, वितरण र उपयोग : बार्षिक खरिद योजना/गुरुयोजना** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १६८५३७९९१।पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर गाउँपालिकाले ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२४			**कर दस्तुर एवं आन्तरिक आय : आयको अनुमान** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय–व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर जि=स=स बाट प्राप्त रकम र बैक मौज्दात सहित अनुमानित रु. १२१५३८२१। आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा पालिकाले आन्तरिक आय रु. ४९८८५०९।२८ प्राप्त गरेको छ । गाउँपालिकाले आम्दानीका अन्य स्रोतको समेत पहिचान गरी आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।	
२५			**राजश्व अभिलेख** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८ को उपनिय ३ मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ।पालिकाले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०३ र १०८ प्रयोग नगरी आम्दानी गरेको छ। नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०३ र म.ले.प.फा.नं. १०८ राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ। गाउँपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेको छ । पालिकाबाट सवै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने र दैनिक प्राप्त भएको आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।	
२६			**उपभोक्ता समिति मार्फत कार्य** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानिय तहले सार्वजनिक सेवा प्रवाहलाइ प्रभावकारी दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परिक्षण अन्तर्गत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्ने सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७।७। मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्ताको गरेको खर्चको सुचना सार्वजनिक टास गर्नुपर्ने र आफुले गरेको कामकारवाहीको सम्वन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको अवधिभित्र सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ७२ वटा टोल विकास संस्था गठन गरेकोमा यस वर्ष ३७ वटा टोल विकास संस्थासंग सम्झौता गरी निर्माण तथा अन्य कार्य गरे वापत रु ३३५०२६१।भुक्तानी गरेकोमा नियमावलीले व्यवस्था गरे अनुसार केही टोल विकास संस्था वाहेक अधिंकास टोल विकास संस्थाले सार्वजनिक परीक्षण र सार्वजनिक सुनाइ नगरेकोले नियमावलीको पालना गरी खर्च गर्नुपर्दछ ।	
२७			**सशर्त कार्यक्रमतर्फ : शिक्षक दरवन्दी र पदपूर्ति** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४० सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी र पदपुर्तिको अवस्था एव विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
				विद्यालयको नाम	शिक्षक दरवन्दी	पदपुर्ति	पदपुर्ति मध्ये करार	विद्यार्थी संख्या		
				आर्दश प्रा वी आम्वेगदिन	२	२	०	३३		
				श्री सिनाम मा वि सिनाम	२८	२	०	४९		
				श्री गणेश मा वि खेवाङ	२०	२०	४	४२३		
				श्री तेल्लोक मा वि तेल्लोक	१७	१७	४	५१९		
				श्री राष्टिय मा वि पेदाङ	११	११	३	१७६		
				श्री कञ्चनजङ्घा मा वि याम्फुदिन	१०	१०	६	१४३		
				श्री लक्ष्मी नि मा वि सिकैचा	३	३	०	४१		
				श्री याम्फुदिन प्र वि याम्फुदिन	२	२	०	१५		
				श्री सरस्वती मा वि सिकैचा	१६	१६	१०	१०६		
				श्री सिंहदेवि नि मा वि सिकैचा	५	५	२	६०		
				श्री भवानी प्रा वि तेल्लोक	२	२	०	४८		
				श्री आम्बेगुदिन मा वि	१६	१६	६	३६७		
				श्री दुर्गा मा वि सिकैचा	८	८	५	९५		
				श्री डाँडा प्रा वि सिनाम	३	३	०	६१		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
				श्री हरन्दी प्रा वि	२	२	०	४९		
				श्री आम्बेगुदिन प्रा वि	१६	१६	६	३६७		
				श्री भगवती प्रा वि सिनाम	२	२	०	३८		
				श्री फुन्द्धुवा नि मा वि तेल्लोक	५	५	२	९८		
				श्री शितला देवि प्रा वि खेवाङ	२	२	०	४७		
				श्री सुदाप प्रा वि मामाङ्खे	२	२	०	४१		
				श्री याङ्पाङ नि मा वि पेदाङ	७	७	४	१३२		
				श्री बालकल्याण आवी सिकैचा	७	७	४	१३२		
				श्री महेन्द्र आवी खेवाङ	४	३	२	८०		
				श्री भगवती आवी आम्बेगुदिन	९	९	३	१४८		
				श्री लक्ष्मी मा वि मामाङ्खे	९	९	५	१७०		
				श्री पञ्चकन्या प्रा वि खेवाङ	२	२	०	४७		
				श्री पाथीभरा आवी सिकैचा	४	४	२	६०		
				श्री सरस्वती प्रा वि आम्वेगुदिन	२	२	०	३८		
				श्री ज्ञानोदय प्रा वि सिनाम	२	२	०	११		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
				श्री गंगा प्रा वि मामाङ्खे	२	२	१	३५		
				श्री कृष्ण प्रा वि याम्फुदिन	१०	१०	६	१४३		
				श्री भन्जरे प्रा वि पेदाङ	२	२	०	१६		
				श्री पाथीभरा महादेवप्रावि खेवाङ	२	२	०	६६		
				श्री शक्ति सिम्वेक्ला प्रावि पेदाङ	२	१	१	३७		
				श्री गँहुवारी प्रा वि याम्फुदिन	१	१	१	७		
				श्री जलकन्या प्रा वि खेवाङ	२	२	२	२४		
				श्री गंगा प्रा वि पेदाङ	२	२	१	३८		
				श्री भगवती प्रा वि तेल्लोक	१	१	१	४३		
				श्री कञ्चनजङ्घा प्रा वि सिकैचा	२	२	२	४३		
				जम्मा	२२८	२२६	८८	४८२४		
			उपरोक्त शिक्षक दरबन्दी र पदपुर्ति एवम् विद्यार्थी सङख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा २१ जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएको भने कृष्ण प्रा वि याम्फुदिनमा विद्यार्थीको संख्या कम रहेकोले विद्यार्थी संख्या न्युन भएका विद्यालहरुको मर्ज गर्नुपर्ने देखिन्छ ।							

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**कार्य सम्पन्न प्रतिवेदन** गाउँपालिकाले राष्ट्रपति शैक्षिक पुर्वाधार विकास कार्यक्रम अन्तगर्त विद्यालयको भौतिक पुर्वाद्यधार विकासको लागि सरस्वती मा वी लाई भवन निर्माणको लागि रु १८०००००। निकासा दिएकोमा कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले भवन निर्माणको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु (उक्त बेरुजु कार्यालयको च न. २९४ मिति २०७९-०८-५ को निर्णयानुसार प्रतिक्रियाबाट फर्स्यौट गरिएको)	
२९			**प्रधानमन्त्री रोजगार कार्यक्रम** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्था अनुसार पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट गरी सडक निर्माण कार्य गराउने गरी योजना कार्यान्वियन भएका छन् ।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, नाला, निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष वडा का २२४ जनालाई रोजगारी उपलब्ध गराई रु. ११०८४६००। खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दिर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
३०			**समानीकरण पूँजिगततर्फ : गाउँशहर सडक यातायात गुरुयोजना (आर°एम°टी°एम°पि°)** स्थानीय सरकार संचालन ऐन, २०७४ ले व्यवस्था गरे वमोजिम स्थानीय तहहरुले आर°एम°टी°एम°पि° तथा एम°टि°एम°पि° तयार गरी सोही बमोजिम सडक निर्माणको कार्य सञ्चालन गर्नुपर्दछ । यस गाउँपालिका कार्यालयले गाउँ सभा बाट आर°एम°टी°एम°पि° स्विकृत गराएको पाइयो । यस गाउँपालिकामा समेत हालसम्म निश्चित मापदण्ड र पद्धति बेगर ठाउँ ठाउँमा सडक निर्माण गरेको देखिएको तथा आवस्यकता र औचित्यको हिसाबले ती सडक गुणस्तरीय समेत नदेखिएको स्थितिमा सडक सँग स्विकृत मापदण्ड एवं स्थानीय आवस्यकताको आधारमा तयार गरी स्वीकृत भएको आर°एम°टी°एम°पि° को आधारमा मात्रै सडक पूर्वाधारमा लगानी गरी दिगो र गुणस्तरीय बनाउन ध्यान जानुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३१			**आयोजना वैक** स्थानीय सरकार संचालन ऐन, 2074 अनुसार प्रत्येक स्थानीय तहले समेत आयोजनाहरुमा हुने लगानीलाई व्यवस्थित र गुणस्तरीय गराउन निश्चित मापदण्ड पुरा भएका आयोजना मात्रै कार्यान्वियन गर्न आयोजना बैंक तयार गर्नुपर्ने व्यवस्था गरेको छ । यस गाउँपालिकाले आयोजना बैंकमा समावेश योजनाको विवरण पेश गरेको छ । तथापि कुल विनियोजित योजनालाईनै आयोजना बैंकमा राखेको छ । डिपिआर तथा अन्य मापदण्ड पुरा नगरेका आयोजना समेत आयोजना बैंकमा राखेको पाइयो । तसर्थ आयोजना बैंकको अवधारणा कार्यान्वियन गरी स्थानीय तहबाटै योजना पद्धतिलाई गुणस्तरीय बनाउनुपर्ने तर्फ ध्यान जानुपर्दछ ।	
३२			**मुल्य अभिवृद्धिकर** उपभोक्ता समितिमार्फत संचालन हुने विकास निर्माण सम्बन्धी कार्यहरुको लागि भुक्तानी गर्दा निर्माण कार्यमा प्रयोग गरिने निर्माण सामग्रीमा लाग्ने मूल्यअभिवृद्धि कर रकम समेत विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्दछ । यसरी हुने निर्माण कार्यमा लागत अनुमानमा संलग्न मूल्यअभिवृद्धि कर रकम र वास्तविक विलको आधारमा भुक्तानी हुने मूल्यअभिवृद्धि कर रकम तुलना गरी लागत अनुमानमा भन्दा भुक्तानी विजकमा कम मूल्यअभिवृद्धि कर भएमा न्युन मूल्यअभिवृद्धि कर जनाइ कार्यालयले कट्टि गरी भुक्तानी दिनुपर्दछ । लागत अनुमान वनाउदा यसरी मूल्यअभिवृद्धि कर लाग्ने सामानको भ्याट यकिन नगरेकोले कार्यालयले उपभोक्ता समितिलाई विजकको आधारमा दएको मूल्यअभिवृद्धि कर रकम सही हो भन्न् यकिन हुन सकेन । तसर्थ लागत अनुमान नै भ्याट लाग्ने आइटमको विवरण तयार गरी त्यसको आधारमा तुलना गरी उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्दछ ।	
३३			**सार्वजनिक निर्माण र खरिद प्रकृया** यस सिरिजङ्गा गाउँपालिकाको सडक भवन लगायतको भौतिक पूर्वाधार निर्माण र व्यवस्थापन गर्न कुल पुँजीगत बजेटको करिव ९० प्रतिशत ठेक्का मार्फत प्रतिष्पर्धा गरी इविडिङ मार्फत कार्य गराएको छ । सडक निर्माण कार्यको लागि ८ वटै वडाबाट सडक आवश्यकता माग गरी मिलेसम्म प्याकेज मिलाएर केन्द्रिकृत खरिद प्रक्रिया अनुसार कार्यपालिकाले नै विद्युतीय बोलपत्र मार्फत खरिद प्रक्रिया अपनाएको छ । खरिदलाई बढी प्रतिष्पर्धी, मितव्ययी, योजनावद्ध तवरले संचालन गर्न यो पद्धति बढी व्यवहारिक तथा उपयोगी भएपनि वडातहसम्म निर्माण भएका सडकको ट्र्याकमात्रै खोल्ने, ड्रेन निर्माण नगर्ने, वातावरणीय प्रभाग अध्ययन नगर्ने आदि कारणले निर्माण कार्यमा गुणस्तरीयताको प्रश्न देखिएको छ । व्यवस्थित निर्माण र दिगोपनाको लागि गाउँ सडक यातायात गुरुयोजनाको आधारमा निश्चित भएका सडकमा मात्रै लगानी गरी यसको गुणस्तरीयता र दिगोपनालाई ध्यान दिनुपर्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३४			**परामर्श सेवा** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ अनुसार सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद संझौताबाट हुन सक्ने वा काम पिच्छे फरक खरिद संझौता गर्नुपर्ने भन्ने यकिन गरी सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स, सेवाको क्षेत्रगत कार्यसर्त, सम्बन्धित सार्वजनिक निकाय वा अन्य निकायले सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । यस गाउँ कार्यपालिका कार्यालयले परामर्श सेवाबाट निम्नानुसार खरिद गर्न डिपिआर तयार गर्दा उक्त प्रक्रिया पुरा गरेको छैन । निर्धारित प्रक्रिया, कार्यविधि र नर्म्स पुरा नगरी लागत अनुमान तयार गर्दा वास्तविक यथार्थ परक र मितव्ययी नहुने देखिन्छ । तसर्थ कानुनी प्रक्रियाको पालना गरी कार्य सम्पादन गर्नेमा ध्यान जानु पर्दछ ।	

भौ०नं०/मिति	कार्य, परामर्श सेवा	भुक्तानी रकम	भुक्तानी फर्म
१४०।२०७८।३।२४	वडा नं १,४,८ माटो परीक्षण तथा भवन स्ट्रक्चर निर्माण डिपिआर	१४६९००	शेर्पा इन्जि एण्ड विल्डर्स शेयर
१४१।२०७८।३।२५	कन्चनजंघा पदमार्ग डिपिआर	१९८८८००	ब्रिक कन्सल्ट प्रा०लि०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५			**औषधी खरिद** यस कार्यपालिकाले नियमित औषधी खरिद गर्न ८० वटा औषधी र २६ वटा सर्जिकल आइटमको लागत अनुमान भ्याट समेत ६१ लाख २ हजार ६९८ को तयार गरेको छ । यसैगरी प्रकोप व्यवस्थापन कोष मार्फत खरिद गर्न ९ लाख ४० हजार ९६० को लागत अनुमान तयार गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार मालसामानको लागत अनुमान तयार गर्दा न्युनतम ३ वटा कम्पनीबाट दरभाउपत्र लिने, यस्तै कारोबार गरेका सरकारी कार्यालयको दरको आधार र गत विगतमा भएको खरिदको दर समेतलाई विचार गरी औषत लागत तयार गर्नुपर्नेमा कोटेशन मात्रैको आधारमा दर लिइ त्यसको १५ प्रतिशत घटाइ तयार गरेको छ । खरिद प्रक्रियालाई थप वैज्ञानिक, व्यवस्थित र प्रतिस्पर्धी गराउन नियमावलीको आधार र प्रक्रिया पुरा गरी लागत अनुमान तयार गर्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६			**दिगो विकास** मुलुक संधीयकरणमा प्रवेशसँगै सविधानत: शिक्षा, स्वास्थ्य, महिला विकास र शासकिकरण, पशु, कृषि, सामाजिक सुरक्षा विकास निर्माण पूर्वाधार र वातावरणीय दिगोपना कायम गर्ने विषय स्थानीय तहमा हस्तान्तरण भएका छन् । विषयगत क्षेत्रगत कार्यहरुको स्थानीय तहमा आन्तरिकीकरण तथा स्थानीयकरण गरी दिगो विकास लक्ष्य संग तालमेल मिलाउदै कार्यान्वयन गर्न नीति रणनीति तथा संस्थागत संयन्त्र र क्षेत्रगत/विषयगत जिम्मेवारी तय गर्नुपर्नेमा परम्परागत पद्धतिमा नै लक्ष्य र उद्देश्य निर्धारण गरी कार्य सम्पादन गरेको देखिन्छ । शिक्षा, स्वास्थ्य, महिला, पूर्वाधार विकास आदि जस्ता कार्यहरुलाई दिगो विकासका सूचकसँग लिंकेज गरी कार्य संचालन भएको छैन । विषयगत क्रियाकलाप संचालन गर्दा विषयगत खण्डिकृत तथ्याङ्क तयार गरी सूचना प्रविधि व्यवस्थापन प्रणालीलाई प्रविधिमैत्री बनाउदै सम्पादित क्रियाकलापको सहजै प्रदेश तथा संघीय विषयगत मन्त्रालयमा रिपोर्टिङ गर्न सक्ने पद्धतिको विकास गरी राष्ट्रिय तहका सूचकमा सपोर्ट गर्ने पद्धतिको विकास गर्न स्थानीय सरकारहरुको ध्यान जानु पर्दछ।	
३७			**प्रशासकीय भवन निर्माण** गाउँपालिकाको प्रशासकीय भवन सहित ९ वटा व्लक समेतको भवन निर्माण कार्यको लागि निर्माण व्यवसायी मार्ग देवी ।एस।ए।एस।थेवे जे= भी संग रु ६८७६८५७१।५६ को २०७८।११।१० मा सम्पन्न गर्ने गरी २०७७।८।२२ मा सम्झौता भएकोमा निम्न व्यहोरा देखियो ।	
३८			**कार्य सम्पादन जमानत** सार्वजनिक खरिद ऐन २०६३, को दफ २७(३) मा वोलपत्र स्विकृत भएपछि १५ दिन भित्र कार्य सम्पादन जमानत दाखिला गरी सम्झौताको लागि उपस्थित हुनु पर्ने व्यवस्था रहेको छ दफा २७(४) मा वोलपत्रको कार्य सम्पादन जमानत वापत दाखिला गर्नुपर्ने रकम निर्धारण सुत्रको समेत व्यवस्था रहेको छ ।आयोजनाले ठेक्का न. works/BUlding/05/srm/2077/78 को लागत अनुमान रु ६८७६८५७१।५६ रहेकोमा मर्ग देवी एस।ए।एस।थेवे जे भी संग रु ५२७७५२११।मा निर्माण कार्य मिति २०७८।११।१० सम्पन्न गर्ने गरि मिति २०७७।८।२२ मा सम्झौता गरेको छ ।सार्वजनिक खरिद नियमावली अनुसार कार्य सम्पादन जमानतको मान्य अवधी निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि भन्दा कम्तिमा १ महिना बढि अवधिको हुनु पर्ने व्यवस्था छ ।कार्य सम्पादन जमानत रु ५४७७७९५।राखनु पर्नेमा रु ५२९९०००। को मात्र कार्य सम्पादन जमानत रहेकोले रु १७८७९५।थप गरी कार्य सम्पादन जमानत पेश गर्नुपर्ने ।	
३९			**विमा** सार्वजनिक खरिद नियमावली अनुसार निर्माण सामाग्री मेशीन औजार वा प्लान्ट लगायत निर्माण कार्यको त्रुटी सच्याउने अवधी सम्म विमा गराउनु पर्ने व्यवस्था छ । निर्माण व्यवसायीले नियमावली अनुसार २०७९।११।१० सम्मको विमा गराउनु पर्नेमा २०७८।११।१० सम्मको मात्र विमा गरेकोले त्रुटी सच्याउने अवधी सम्मको विमा गराउनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४०			**पेश्की** निपर्माण व्यवसायी मार्ग देवी ।एस।ए।एस थेवेलाई यस वर्ष कुल रु १९७९९६९६।१७ भुक्तानी दिएकोमा रु ७५००००००। पेश्की बाँकी रहेकोले सम्झौताको अवधी भित्र निर्माण कार्य गरी पेश्की फस्यौट गर्नुपर्दछ ।	
४१			**डिपीआर खर्च** : बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजानाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस स्थानीयल तहले यो वर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिकको कार्य परमार्शदाताबाट गराइ प्रतिवेदन प्राप्त गरेको छ ।	

कार्य विवरण	पराशर्दाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको लागत
वडा कार्यालय ३ को डीपीआर निर्माण	रेड पाण्डा इन्जियरिङ कन्सल्टेन्ट	५०००००	४५२०००	३००००००।
प्राथमिक स्वास्थ्य अस्पतालको स्तरोन्ती	स्थानीय विकास सकार्य केन्द्र प्रा ली	२०००००	१९९४२००	१५८६०००००
वडा ८ याम्फुदिनको नया झोरेली देखि वेस क्याम्प जाने साहासीक पदमार्ग आयोजनाको	मारुती डिजाइन प्रा ली	२००००००	१९६२४००	२००००००००
जम्मा		४५००००००	४४०८६००	४५८१०००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२			**कन्टिन्जेन्सी खर्चको अभिलेख** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु २९३७३४४। खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छ। नियमावलीले तोके अनुसारको खर्चमा नियन्त्रणका लागी कन्टिन्जेन्सी खाता अद्यावधिक हुनु पर्दछ ।	
४३			**बीमा गराउनुपर्ने** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैँयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बिमाको व्यवस्था गरेको छैन भने सम्झौतामा बिमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बिमा गरेको प्रमाण पेश भएका छैनन्। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागथि अनिवार्य रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ ।	
४४			**गाउँपालिका चालुतर्फ : प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ।गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ३१ जना -करार १५ समेत_ पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शिक्षा तथा प्रशसन अधिकृत, इन्जिनियर लेखा अधिकृत सहित २७ पदहरु रिक्त रहेका छन्।दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ।तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४५			**गाडी भाडा** गाउँपालिकाबाट स्विकृत कार्यक्रम संचालन गर्दा कार्यक्रमको लागि आवश्यक पर्ने सामानहरुको ढुवानी तथा पालिकाबाट वडा वडामा स्विकृत कार्यक्रम संचालनको लागि खरिद गरीएका सामानहरुको ढुवानी तथा कार्यक्रममा जादा फर्कदा गाडी भाडामा लिइ खर्च लेखने गरेको छ ।पालिकाले गाडी भाडाको पालिका भित्र भाडा तथा सामान ढुवानीको लागि प्रयोग गर्दा भाडाको दर रेट स्वीकृत नगरेकोले भाडामा दरमा एक रुपता भएको देखिएन । गाडी भाडा प्रयोग गरेको भरपाइ पेश गरी पालिका भित्र संचालित विभिन्न कार्यक्रममा गाडीको भाडा खर्च लेखने गरेकोले उक्त गाडी भाडा सही तथा यथार्थ हो भनी एकिन गर्न सकीयन ।अत : पालिकाले पालिका कार्यालयबाट पालिका भित्रको स्थानमा प्रयोग गरीने गाडीको दर रेट स्विकृत गरी सोही दर रेट अनुसार गाडी धनीसंग सम्झौता गरी खर्च लेख्नु पर्ने देखिन्छ ।	
४६			**अनुदानको अनुगमन** गाउँपालिकाले सिरीजघांको सान उद्यमशील किसान कार्यक्रम ८ वटा वडामा संचालन गर्नको लागि ९६ लाख वजेट विनियोजन गरेको छ । स्विकृत कार्यक्रम संचालन गर्नको लागि पालिकाले कार्यक्रम संचालन कार्यविधि २०७७ स्विकृत गरेको छ ।स्विकृत कार्यविधि अनुसार स्थानीय भुगोल र हावापानि सुहाउदो नगदे र अन्नवाली उत्पादन प्रवर्द्धन गर्न ५० प्रतिशत साझेदारीमा कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ ।वडास्तरीय स्विकृत कार्यक्रमहरु अदुवा खेती ,कागती तथा सुन्तला प्रवर्द्धन, किवी तथा कफी खेती, अदुवा, लसुन तथा अकवरे खेती, वंगुर तथा वाख्रापालन, धान खेती , कोदो खेती, माहुरी पालन, मकै तथा आलु खेती, केरा खेती, टमाटर, जैतुन लागयतका कार्यक्रम संचालन गर्नका लागि पालिकाले प्रत्येक वडामा गठन गरेका टोल विकास संस्था मार्फत सुचना प्रकाशन गरी कार्यविधिले तोकेको मापदण्ड अनुसार टोल विकासमा निवेदन दिएका किसान तथा कृषकहरु मध्येबाट छनोट गरी वडा समितिकोले अनुदान पाउने किसानको नाम स्विकृत गरेको छ ।उक्त कार्यक्रम संचालन गर्नको लागि पालिकाले वडा सचिव र कृषि प्राविधिकहरुलाइ टोल विकास संस्था मार्फत कार्य सम्पादन गर्नको लागि पेश्की दिएको छ ।स्वीकृत कार्यक्रम सम्पादन गर्न वडामा रहेका टोल विकास संस्थाहरुसंग सम्झौता गरी सम्झौता अनुसार कार्य सम्पन्न गरी पालिकाबाट प्राप्त अनुदान रु ९० लाख र जनश्रमदान रु ९० लाख समेत रु १ करोड ८० लाखको कार्य सम्पन्न प्रतिवेदन पेश भइ सोही कार्यसम्पन्न प्रतिवदेन र वडाको सिफारीसको आधारमा पालिकाले पेश्की फस्यौट गरेको छ । पालिकाबाट अनुदान पाउने किसानको अभिलेख व्यवस्थापन गर्ने र अनुदानबाट सम्झौता अनुसार उल्लेख कार्यक्रमहरु संचालनको अनुगमन गरी प्रतिवेदन लिनु पर्दछ । अनुदान प्राप्त गरी कार्यक्रम संचालन गरेका केही टोल विकास संस्थाहरुको विवरण देहाय अनुसार छन ।	

वडा न	कामको विवरण	टोल विकास संस्थाको नाम	अनुदान पाउने किसानको संख्या	पालिकाबाट अनुदान	सम्पन्न प्रतिवेदन
२	किवि खेती	लासा टोल विकास समित	१०	९८५००।	१९७०००।
३	लसुन अदुवा खेती	बेखीम	२	१०००००।	२०००००।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

४	जैतुन खेती	बाउन डाडा	४	९८७४४	१९७४८८।
५	कोदो खेती	वाइपा टोल	१०	१०००००	२०००००।
६	किवी खेती	लोकतेन	७	१०००००	२०००००।
७	वंगुर खोर निर्माण	पाथीभारा महादेव	९	९००००।	१८००००।
८	आलु खेती	एकीम समेथुङ	१५	१०००००।	२०००००।

४७

मुल्य अभिवृद्धि कर कट्टि

मुल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम ६ (ग) मा सरकारी निकाय वा नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको संघ सस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपुर्तिकर्तालाइ भुक्तानि गर्दा निजलाइ भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्वन्धीत राजश्व शिर्षकमा जम्मा गरी वाकी रहने मुल्य अभिवृद्धि कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था उल्लेख भएकोमा पालिकाले निम्नानुसारको भुक्तानीमा ५० प्रतिशले हुने मुल्य अभिवृद्धि कर दाखिला नभएकोले मु .अ.कर समायोजन पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

गो भौ न	फर्मको नाम	विवरण	विल रकम	५० मु अ कर प्रतिशत
२२।०७७।६।११	नेशनल इन्कुवेशन एण्ड रिर्सच सेन्टर	सफट वयर निर्माण	१४९८३८०	८६१९०।
१५१	एन पी ट्रेड एण्ड स्टेशनरी सप्लायर्स	कार्यालय सामान	५३१६५४८	३०५८१९।
जम्मा			६८१४९२८	३९२००९।

(उक्त बेरुजु कार्यालयको च न. २९४ मिति २०७८-०८-५ को निर्णयानुसार प्रतिक्रियाबाट फस्यौंट गरिएको)

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४८			**छात्रवृत्ति** गाउँपालिकाको स्विकृत कार्यक्रम नि:शल्क शिक्षा हामी सवैको इच्छ कार्यक्रम संचालनको लागि पालिकाले सिरीजघां गाउँपालिकाको छात्रवृत्ति सम्वन्धी ऐन २०७८ स्विकृत गरेको छ ।छात्रवृत्ति ऐनको दफा ३ मा कक्षा ११ र १२ अध्ययन गर्ने विद्यार्थीलाइ निशुल्क शिक्षा त्यसै गरी दफा ९ मा गाउँपालिका क्षेत्रभित्र प्राविधिक विद्या - प्रविणता प्रमाणापत्र वा सो सरह_ मा जनशक्ति उत्पादन गर्न सवै वडाबाट एक एक जना वडा भित्रका विद्यालयबाट एस=इ=इ= परीक्षामा उत्कृष्ठ नतिजा ल्याउने एकजना विद्यार्थीलाइ आवास सहितको छात्रवृत्ति उपलव्ध गराउने उल्लेख छ । पालिकाले वडाबाट उत्कृष्ठ नतिजा ल्याउने ४ जना विद्यार्थी मध्ये २ जना कृषि विज्ञान र २ जना पशु सेवा सम्वन्धि अध्ययन गर्ने विद्यार्थीका लागि आवास तथा खानाको लागि मासिक रु ७५०० पोशाक खर्च रु १०००० र स्टेस्नरी वापत रु १००००।-वर्षको एक पटक_ समेत यस वर्ष रु ११२४०००।र कक्षा ११ र १२ विद्यार्थीको लागि रु २५६८७००।समेत रु ३६९२०००। खर्च लेखेको छ । छात्रवृत्तिमा छनोट भइ अध्ययन गर्ने विद्यार्थीले अध्ययन सम्पन्न भए पश्चात जुन वडाबाट छात्रवृत्ति प्राप्त गरी अध्ययनमा गएको हो सोही वडामा रही कम्तीमा एक वर्षसम्म सेवा गर्ने कबुलियतनामा गरेको देखिन्छ ।पालिकाले छात्रवृत्तिमा छनोट गरी अध्ययन गर्न गएका विद्यार्थीहरुको अभिलेख राखी अध्ययन सम्पन्न गरे पश्चात कवुलियतनामा वमोजिम सेवा गर्न लगाउनु पर्दछ ।	
४९			**ग्याविन जाली मौज्दात** पालिकाले वार्षदको समयमा आईपर्न सक्ने सम्भावीत जोखिमलाई मध्यनजर गरी गाउँपालकाको निर्णयबाट प्रकोप व्यवस्थापन कोषबाट विभिन्न साइजका २१५ थान ग्याविन जाली खरिद गरी रु ९३४४५३। खर्च लेखेको छ । खरिद गरेको ग्यावीन जाली खर्च नभइ मौज्दात रहेकोले उक्त जालि कुन कुन स्थानमा प्रयोग भएको सो को प्रमाण पेश गर्नुपर्ने रु **(उक्त बेरुजु कार्यालयको च न. २९४ मिति २०७९-८-५ को निर्णयानुसार प्रतिक्रियाबाट फर्स्यौट गरिएको)**	
५०			**विद्यालय शिक्षा अनुदान** शिक्षा विभागबाट प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका २०७७।७८ को क्रियकलाप २.१५.११.६३६ मा साविक जिल्ला शिक्षा कार्यलयबाट अनुमति प्राप्त गरी संचालनमा रहेका र कुनै पनि दरवन्दी तथा राहात कोटा प्राप्त नगरेका विद्यालयलाइ शिक्षक व्यवस्थापनको लागि अनुदान दिने व्यवस्था छ । पालिकाले प्रस्तावीत सामुदायीक विद्यालयलाइ शिक्षक व्यवस्थापन अनुदान रु १८०२०००।दिएको छ । गाउँपालिका अन्तर्गत विद्यालयमा शर्सत अनुदानबाट शिक्षकको तलव भत्तामा निकासा दिएकोले पालिकाले दिर्घकालीन महत्व राख्ने योजनामा बजेट विनियोजना गरी खर्च लेख्नु पर्नेमा विद्यालय शिक्षक दरवन्दी मिलान वेगर निजी शिक्षकको लागि निकासा दिएकोमा छ। शिक्षक दरवन्दी र विद्यार्थि संख्याको आधारमा आवश्यक पर्ने भए प्रतिस्पर्धात्मक तवरले छनोट गरी शैक्षिक गुणस्तर अभिवृद्धि हुने गरेर मात्र निजी शिक्षक नियुक्त गर्नु पर्दछ । पालिकाले आर्थिक २०७८।७९ देखी निजि विद्यालयमा नियुक्त गरेका शिक्षकका लागि अनुदान रकम विनियोजन गरेको छैन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५१			**भ्रमण खर्च** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च रु २११५२५६। भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् . • अधिकांश भ्रमणको उद्वेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • भ्रमणहरु कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर कार्यालयको काम उल्लेख गरी वडा अध्यक्ष तथा सदस्य सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
५२			**सामाजिक सुरक्षातर्फ** सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेमा समयमै सो कार्य भएको छ ।	
५३			**सामाजिक सुरक्षा** सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्ने व्यवस्था सम्पुर्ण वडाहरुमा कार्यान्वयन भएको छैन । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा सामाजिक सुरक्षाको मुल अभिलेख तयार गरि पेश भएको छैन । लाभग्राहीको अद्यावधिक विवरणका आधारमा मात्र सामाजिक सुरक्षा भत्ता निकासा हुने व्यवस्था कडाइका साथ लागु गर्नु पर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५४</td><td></td><td></td><td>पेश्की वाकी
सार्वजनिक खरिद नियमावली २०६४ नियम ११३ को उप नियम १ वमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए वमोजिम प्रत्येक रनिङ्ग विल वा अन्य विजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । यस वर्ष दिएको मोविलाइजेशन पेश्की तथा अन्य पेश्की रकम आर्थिक वर्षको अन्तसम्म वाकी रहेको पेश्की रकम नियम अनुसार फछ्र्योट गर्नुपर्दछ ।
<table>
<tr><th>ठेक्का न</th><th>पेश्की लिने नाम</th><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr>
<tr><td></td><td>सोवर्ण ।हिमालयन जे भी</td><td>६२९७३३७।</td><td></td></tr>
<tr><td>वडा न् ५ भवन निर्माण</td><td>किरातेश्वर कन्सट्रक्सन एण्ड ड्रिलिङ कम्पनी</td><td>५५००००।</td><td></td></tr>
<tr><td>वडा न ७ भवन निर्माण</td><td>किरातेश्वर कन्सट्रक्सन एण्ड ड्रिलिङ कम्पनी</td><td>५४१०१३।१२</td><td></td></tr>
<tr><td>वडा न ६ भवन निर्माण</td><td>किरातेश्वर कन्सट्रक्सन एण्ड ड्रिलिङ कम्पनी</td><td>५५००००।</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td>७९३८३५०।१२</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५५			**स्थलगत निरीक्षण** वित्तीय समानिकरण पुँजीगत शीर्षकको त्रिशुले बरदेखि तेल्लोकसम्मको सडकमा सोलिङ्ग सहित पक्कि नाला निर्माण गर्न बिभिन्न स्थानमा कटिङ्ग, ग्याबियन वाल, मेशिनरी वाल, ड्रेन निर्माण, फलामबार लगायतका कार्यहरू गर्न १ करोड ५३ लाख ६२ हजार ८४६ को लागत अनुमान अनुसार ठेक्का गरेकोमा न्युनतमा कबोल गर्ने थेवे निर्माण सेवाको न्युनतम कबोल अंक मूल्यअभिवृद्धि कर समेत रु० ६८ लाख ९६७ मा संझौता गरी निर्माण सम्पन्न प्रतिवेदन पेश भएकोमा निरीक्षणको क्रममा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् (क) गत विगतमानै साँघुरो ट्र्याक खोलेको यस सडकमा विभिन्न स्थानमा धेरै पहिरो जाने र प्रत्येक वर्ष पटक पटक सडक स्तरोन्नति तथा मर्मत संभार गर्ने प्रयोजनमा ठूलो रकम खर्च भएको छ । कतिपय स्थानमा पुराना ट्र्याक बाहिरबाट समेत नयाँ बाटो खनेको छ । अधिकाँस स्थानमा २ देखि ३ लेयर सम्म ढुङ्गा सोलिङ्ग गर्दा समेत सडक दबेर पुन: उकास्नुपर्ने स्थिति देखिएको छ । कार्यालयले डिपिआर तयार बेगर यस सडकको स्तरोन्नति गरी वर्षेनी ठूलो रकम लगानी गर्दा समेत समस्या समाधान नभएकोले यस्ता सडकमा लगानी गर्दा डिपिआर लगायतका पूर्वाधार पुरा गरी कार्य संचालन गर्नुपर्ने देखिन्छ । (ख) सडक सँगै यसलाई गुणस्तरीय र दिगो रुपमा संचालन गर्न ड्रेन समेत सँगै निर्माण गरी कार्य गर्नुपर्नेमा सडकको करिब २ प्रतिशत भागमा मात्रै ड्रेन निर्माण भएको छ । यसरी ड्रेन तथा क्याचफिट निर्माण बेगर धमाधम सडक मात्रै खन्नाले सडक बाटै पानी निकास हुने स्रोतनै सडक हुँदा मर्मत निर्माण र स्तरोन्नतिको औचित्य देखिदैन । यसर्थ थप ट्र्याक खुलाउने तर्फ भन्दापनि निर्मित सडकको गुणस्तरीयता कायम गर्न सबै पूर्वाधार पुरा गरी कार्य गर्न यस गाउँ कार्यपालिकाको ध्यान जानु पर्दछ । (ग) स्थानीय तहबाट निर्मित संरचना लगायत सेवा प्रवाहको जवाफदेहिता र पारदर्शिता कायम गर्न सम्पादित कार्यको सार्वजनिक परीक्षण, सामाजिक लेखापरीक्षण, सार्वजनिक सुनुवाइ तथा सूचना सार्वजनिकीकरण गर्नुपर्ने नीतिगत कानूनी प्रवन्ध रहेकोमा कार्यपालिकाले उक्त प्रक्रिया पुरा गरेको पाइएन । (घ) सडक निर्माण गर्दा यसलाई योजनाबद्ध तवरले संचालन गर्न तथा निर्माण र भुक्तानीका क्रममा देखिन सक्ने दोहोरोपनालाई न्युनीकरण गर्न चेनेज नं खुलाएर कार्य संचालन गर्नुपर्नेमा सडक चेनेज खुलाएको देखिएन । सडक मर्मत तथा निर्माणमा प्रत्येक वर्ष कति लगानी भयो भन्ने यकिन गर्न क्रमागत योजनाको हकमा समेत नाफ किताब तयार गरी सो को आधारमा भुक्तानी गर्नुपर्नेमा लुज सिट प्रयोग गरेको पाइयो	
५६			**अनुगमन तथा सम्परीक्षण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छ	

गत वर्षसम्मको बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
				७१७९०००।	३८०५०९।	६७९८४९१		

यस वर्ष फछ्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ

सि.नं.	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	फछ्यौंटको आधार				सम्परीक्षण
				असुली	प्रमाण	नियमित	पेश्की	
1	०७४।७५	२८।१	११३६५	११३६५				११३६५
2	०७४।७५	२८।२	१६०३२	१६०३२				१६०३२
3	०७४।७५	२८।३	१०४५४०	१०४५४०				१०४५४०
4	०७४।७५	२८।४	२३३०७	२३३०७				२३३०७
5	०७४।७५	२८।५	१३५०००	१३५०००				१३५०००
6	०७४।७५	३१	५९२९५	५९२९५				५९२९५
7	०७६।७७	३४	२२९७०	२२९७०				२२९७०
8	०७६।७७	४१।७	८०००।	८०००।				८०००।
	जम्मा							३८०५०९।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५७			**अद्यावधिक वेरुजु** यस गाउँपालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजूको स्थिति देहायअनुसार रहेको छ । (रु हजारमा)	

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	यो वर्ष कायम बेरुजू (C)	संपरीक्षणबाट कायम बेरुजू (D)	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)
७१७९	३८१	३१२६	०.०	९९२४